# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय कार्यालय, सञ्चारग्राम, काठमाडौं, नेपाल


Ref No. :

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
Central Committee
Federation of Nepali Journalists

मिति : २०८०।०४।०८

## प्रेस विज्ञप्ति

कान्तिपुर मिडिया ग्रुपमा हाल देखिएको श्रम समस्याप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपाल पत्रकार महासंघले जेठ ३० गते प्रेस विज्ञप्तिमार्फत त्यस संस्थामा देखिएको श्रम समस्या समाधानका लागि आग्रह गरेको थियो।

त्यसपछि पनि मिडिया ग्रुपमा आवद्ध पत्रकार-कर्मचारी तथा कामदारलाई विभिन्न वहानामा संस्थाबाट विदा गर्ने प्रयास गरिएको गुनासो महासंघमा प्राप्त भएको छ।

पत्रकारले समयमै पारिश्रमिक नपाउने, लामो समय काम गरेर संस्थालाई योगदान गरेका पत्रकारलाई जबरजस्ती हट्न बाध्य बनाउने, स्थायी पत्रकार तथा कर्मचारीलाई अस्थायी/करारमा रुपान्तरण गर्ने, सरुवा गर्नेलगायतका काम विद्यमान कानुनी व्यवस्थाविरोधी काम भएको महासंघको ठहर छ।

श्रमजीवी पत्रकार ऐन र प्रचलित कानुन  सर्वोच्च अदालतसमेतको आदेशअनुसारका सेवा सुविधा तत्काल उपलब्ध गराउन महासंघ कान्तिपुर व्यवस्थापन पक्षसँग पुन: आग्रह गर्दछ।

अन्यथा महासंघ अन्यायमा परेका श्रमजीवी पत्रकारलाई नि:शुल्क कानुनी उपचार उपलब्ध गराउन र दबाबमूलक आन्दोलन गर्न बाध्य हुने जानकारी गराइन्छ।

श्रमजीवी पत्रकार ऐन र सर्वोच्च अदालतको फैसला कार्यान्वयनका लागि हाल भइरहेको आन्दोलनका क्रममा पत्रिका वितरणसमेत प्रभावित भइरहेकोले वार्ता र संवादको प्रक्रियाबाट तत्काल समस्या समाधानका लागि महासंघ कान्तिपुर मिडिया ग्रुपको ध्यानाकर्षण गराउँदछ।

रोसन पुरी
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-5914723/5918673/5918763/5914785, Email: fnjnepalcentral@gmail.com, URL : www.fnjnepal.org